परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७१ पष्ठ ४ २०८३ साउन ०५ गते मंगलबार 21 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## गौशालामा बढ्दो धार्मिक आकर्षण, पहिलो जगन्नाथ रथयात्रा ऐतिहासिक

टक नेपाल । नारायण घिमिरे



महोत्तरीको गौशाला नगरपालिकामा पछिल्ला वर्षहरूमा धार्मिक तथा आध्यात्मिक गतिविधिप्रति स्थानीयवासीको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ। नियमित पूजाआजा, धार्मिक अनुष्ठान तथा विशेष पर्वका अवसरमा आयोजना हुने कार्यक्रमहरूले नगरको धार्मिक वातावरणलाई थप सुदृढ बनाएका छन् ।

गौशाला नगरपालिकास्थित गौशाला दुर्गा मन्दिर, कान्तिबजार दुर्गा मन्दिर तथा कालीपुरको शनि बाबा मन्दिर स्थानीय आस्थाका प्रमुख केन्द्रका रूपमा परिचित छन् । गौशाला दुर्गा मन्दिरमा वर्षभरि नियमित पूजाआजा हुने गर्छ भने बडादशैंका अवसरमा विशेष धार्मिक कार्यक्रम आयोजना गरिन्छ । कान्तिबजार दुर्गा मन्दिरमा चैते दशैंका बेला विशेष पूजाआजा र धार्मिक अनुष्ठान हुने गरेको छ ।

त्यसैगरी, कालीपुरस्थित शनि बाबा मन्दिर स्थानीय धार्मिक परम्परा र विशेष पूजाविधिका कारण चर्चित छ । यहाँ नेपालका विभिन्न जिल्लाका साथै भारतको बिहारबाट समेत श्रद्धालु दर्शनका लागि आउने गरेका छन् ।

यसै धार्मिक वातावरणबीच गौशाला नगरपालिकामा पहिलोपटक भगवान् जगन्नाथको रथयात्रा भव्य रूपमा सम्पन्न भएको छ। रथयात्रामा विभिन्न साधुसन्त, महन्त, धार्मिक अगुवा तथा हजारौँ श्रद्धालु भक्तजनको सहभागिता रहेको आयोजकले जनाएको छ ।

पुलचोकबाट सुरु भएको रथयात्रा सुन्दरपुर, फुलकाहा, गौशाला बजारको भित्री क्षेत्र र निगौल चोक हुँदै कवर्ड हलमा पुगेर सम्पन्न भएको थियो । यात्राका क्रममा विभिन्न स्थानमा श्रद्धालुका लागि निःशुल्क शरबत तथा पिउने पानीको व्यवस्था गरिएको थियो भने भजन-कीर्तनले सम्पूर्ण वातावरणलाई भक्तिमय बनाएको थियो ।

स्थानीयवासीले पहिलो पटक आयोजना गरिएको रथयात्रालाई ऐतिहासिक र सफल कार्यक्रमका रूपमा लिएका छन्। आगामी वर्षहरूमा यसलाई अझ व्यवस्थित, सुरक्षित र भव्य बनाउन ट्राफिक व्यवस्थापन, स्वयंसेवक परिचालन, सरसफाइ तथा भक्तजनका लागि थप सुविधा विस्तार गर्नुपर्ने आवश्यकता उनीहरूले औँल्याएका छन् ।

स्थानीयका अनुसार यस्ता धार्मिक कार्यक्रमको निरन्तरताले गौशालालाई धार्मिक पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्न सहयोग पुग्नेछ । यसबाट नगरको धार्मिक, सांस्कृतिक तथा आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ ।

## १६ किलोमिटर उल्टो साइकल चलाएर टुटेश्वरनाथमा जलाभिषेक



टक नेपाल

महोत्तरीको बर्दिबासका एक स्वास्थ्यकर्मीले १६ किलोमिटर उल्टो साइकल चलाएर टुटेश्वरनाथ महादेव मन्दिरमा जल अभिषेक गरेका छन् ।

बर्दिबास नगरपालिका-५ स्थित ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको टुटेश्वरनाथ महादेव (शिवलिङ्ग) मा स्वास्थ्यकर्मी पोखरेलले सोमबार रातु नदीको जल चढाएका हुन् । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजाराम यादवका अनुसार उनले पूर्व-पश्चिम राजमार्ग हुँदै रातु नदीबाट जल संकलन गरी उल्टो साइकल चलाउँदै मन्दिरसम्म पुगेर भगवान् शिवलाई अर्पण गरेका थिए। यादवले पोखरेलको रचनात्मक अभियानले मन्दिरको प्रचारप्रसार र धार्मिक पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुगेको बताए ।

पोखरेल यसअघि पनि सामाजिक चेतनामूलक अभियानमा सक्रिय रहँदै आएका छन् । उनले २०६३ सालमा एचआईभी/एड्स तथा लागूऔषध दुर्व्यसनविरुद्ध जनचेतना फैलाउने उद्देश्यले मेचीदेखि महाकालीसम्म उल्टो साइकल यात्रा गरेका थिए । यसपटक भने धार्मिक तथा पर्यटन प्रवर्द्धनलाई केन्द्रमा राखेर अभियान सञ्चालन गरिएको उनले बताए ।

बर्दिबासमा पत्रकारसँग कुरा गर्दै पोखरेलले रातु नदी सभ्यताको महत्त्व, स्थानीय धार्मिक सम्पदा तथा मधेशको कैलासपति बाबा टुटेश्वर नाथ महादेवको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने उद्देश्यले यात्रा गरिएको बताए ।

'स्थानीय मठ-मन्दिर, धार्मिक स्थल र सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रचारप्रसारसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुगोस् भन्ने उद्देश्यले यो यात्रा गरेको हुँ,' उनले भने, 'रातु नदीको जल टुटेश्वरनाथ महादेवमा अर्पण गर्नु धार्मिक आस्थाको विषय मात्र होइन, नदी सभ्यता, संस्कृति र प्रकृतिबीचको सम्बन्धलाई सम्मान गर्ने प्रतीकात्मक अभियान पनि हो ।'

प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले श्रावण महिनामा नेपाल र भारतबाट लाखौं श्रद्धालु आउने टुटेश्वरनाथ महादेव मन्दिरमा गरिएको यस्तो फरक अभियानले धार्मिक पर्यटन प्रवर्द्धनसँगै मन्दिरको पहिचान थप व्यापक बनाउन सहयोग पुगेको बताए ।

स्थानीयवासीले पनि पोखरेलको अभियानलाई धार्मिक आस्था, सांस्कृतिक संरक्षण र पर्यटन प्रवर्द्धनलाई एकसाथ जोड्ने सिर्जनात्मक प्रयासका रूपमा स्वागत गरेका छन् ।

## बसही खोलाको पुल निर्माणमा चरम ढिलाइ, दुर्घटनाको जोखिम बढ्दो



टक नेपाल

धनुषा, ढल्केबर-जटही सडकखण्ड अन्तर्गत मिथिला नगरपालिका-६ स्थित बसही खोलाको पुल निर्माण वर्षौंदेखि अलपत्र परेपछि स्थानीयवासी र यात्रुले सास्ती भोग्नुपरेको छ। निर्माणमा भएको ढिलाइका कारण उक्त क्षेत्र दुर्घटनाको उच्च जोखिमयुक्त बन्दै गएको स्थानीयको गुनासो छ ।

ढल्केबरदेखि जटहीसम्मको सडक ६ लेनमा विस्तार भइसके पनि बसही खोला पार गर्न अझै पुरानै साँघुरो पुल प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । फराकिलो सडकबाट तीव्र गतिमा आएका सवारीसाधन साँघुरो पुलमा प्रवेश गर्दा चालक झुक्किने र दुर्घटना हुने क्रम बढेको स्थानीयले बताएका छन् ।

स्थानीय सुरेन्द्र यादवका अनुसार निर्माण व्यवसायीको लापरवाहीका कारण पुल निर्माण वर्षौंदेखि अलपत्र परेको हो। यस अवधिमा सो क्षेत्रमा एक दर्जनभन्दा बढी सवारी दुर्घटना भइसकेका छन् भने मानवीय क्षतिसमेत भएको उनले बताए । निर्माणस्थलमा राखिएका सामग्रीमा समेत खिया लाग्न थालेको छ ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार १४ करोड ८ लाख २३ हजार रुपैयाँ लागतमा नागार्जुन-हेक कन्स्ट्रक्सन जेभीसँग २०७६ असार ३१ गते निर्माण सम्झौता भएको थियो। २०७८ असार मसान्तभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि हालसम्म करिब ४० प्रतिशत मात्रै निर्माण सम्पन्न भएको छ ।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद साहले पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित प्रगति नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए । सो ही प्रक्रियाका कारण हाल निर्माण कार्य रोकिएको उनले बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले पुरानो साँघुरो पुलका कारण दुर्घटनाको जोखिम बढेको बताए। उनका अनुसार फराकिलो सडकबाट आउने सवारीसाधन एक्कासि साँघुरो पुलमा पुग्दा चालक अलमलिने गरेका छन्। जोखिम न्यूनीकरणका लागि ट्राफिक संकेत राखिए पनि चालकको असावधानीका कारण दुर्घटना रोक्न चुनौती भइरहेको उनले बताए ।

जनकपुरधामको धार्मिक पर्यटन तथा मधेश प्रदेशको यातायात सञ्जालका दृष्टिले महत्वपूर्ण मानिने यस सडकखण्डमा पुल निर्माण सम्पन्न नहुँदा आवागमन मात्र नभई स्थानीय आर्थिक गतिविधिसमेत प्रभावित हुँदै आएको छ। स्थानीयले निर्माण कार्य शीघ्र सम्पन्न गरी जोखिम न्यूनीकरण गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।






पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### जलन उपचारमा राज्यको जिम्मेवारी

नेपालमा आगो, तातो तरल पदार्थ र रसायनका कारण हुने जलनका घटना प्रत्येक वर्ष सयौँ परिवारका लागि पीडाको कारण बन्दै आएका छन् । जलनलाई अझै सामान्य दुर्घटनाका रूपमा लिने प्रवृत्तिका कारण यसको रोकथाम, उपचार र पुनःस्थापनामा अपेक्षित ध्यान पुग्न सकेको छैन। वास्तवमा जलन केवल छाला पोलिने समस्या होइन, यसले शारीरिक, मानसिक र आर्थिक रूपमा व्यक्तिलाई दीर्घकालीन असर पार्ने गम्भीर जनस्वास्थ्य चुनौती हो ।

ग्रामीण क्षेत्रमा खुला चुलो, भुइँमा आगो बालेर ताप्ने चलन, साना बालबालिकाको असुरक्षा, सहरमा ग्यास चुहावट, विद्युत् सर्ट सर्किट तथा रासायनिक पदार्थको असुरक्षित प्रयोग जलनका प्रमुख कारण हुन्। तर, जलन भएपछि सही प्राथमिक उपचारबारे जनचेतनाको अभाव अझै ठूलो समस्या बनेको छ। जलेको ठाउँमा चिसो पानी हाल्नुको सट्टा घिउ, मन्जन वा अन्य परम्परागत सामग्री प्रयोग गर्ने गलत अभ्यासले अवस्था झन् जटिल बनाउने गरेको छ ।

नेपालमा सीमित बर्न वार्ड, दक्ष जनशक्तिको अभाव, स्किन बैंक नहुनु र महँगो उपचारका कारण गम्भीर बिरामीले समयमै सेवा पाउन सकिरहेका छैनन्। त्यसैले प्रदेशस्तरमा सुविधासम्पन्न बर्न वार्ड स्थापना, स्वास्थ्यकर्मीलाई विशेष तालिम, स्थानीय तहसम्म प्राथमिक उपचारको पहुँच र जलन उपचारलाई स्वास्थ्य बिमाभित्र समेट्ने नीति तत्काल आवश्यक छ ।

जलनको उपचार खर्चिलो र जटिल भए पनि यसको रोकथाम भने तुलनात्मक रूपमा सहज छ। घर, विद्यालय, उद्योग र सार्वजनिक स्थानमा सुरक्षा मापदण्डको कडाइका साथ पालना गर्ने, नागरिकमा सचेतना बढाउने तथा सरकारले दीर्घकालीन योजना लागू गर्ने हो भने जलनका कारण हुने मृत्यु र अपाङ्गता उल्लेखनीय रूपमा घटाउन सकिन्छ। जलनलाई सामान्य दुर्घटना होइन, गम्भीर जनस्वास्थ्य समस्याका रूपमा स्वीकार गर्दै राज्यले प्रभावकारी नीति र लगानी बढाउनु आजको आवश्यकता हो ।

# वर्षाको पानीले वीरगञ्जका पाँच वडाका ३०० बिघाभन्दा बढी खेतीयोग्य जमिन डुबानमा



● टक नेपाल

लगातारको वर्षापछि वीरगञ्ज महानगरपालिकाका पाँच वडाका ३०० बिघाभन्दा बढी खेतीयोग्य जमिन डुबानमा परेका छन्। डुबानका कारण किसानले धान रोप्न नपाएको गुनासो गरेका छन् ।

महानगरका वडा नं. १७, २०, २४, २६ र २८ का खेतहरूमा पानी जमेपछि रोपाइँ प्रभावित भएको हो। प्रतिनिधिसभा सदस्य सुशील साह कानुले डुबान प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा किसानहरूले बिउ तथा खेत दुवै डुबानमा परेकाले धान रोप्न नसकिएको बताए। उनीहरूले प्राकृतिक पानीको बहाव अवरुद्ध भएकाले डुबानको समस्या बढेको उल्लेख गर्दै तत्काल निकासको व्यवस्था गर्न सांसद कानुसँग आग्रह गरेका छन् ।

पूर्व गाविस अध्यक्ष तथा वीरगञ्ज-२४ का किसान रामाशंकर द्विवेदीले अव्यवस्थित प्लटिङ र जमिनको सतहभन्दा माथि सडक विभागले नाला निर्माण गरेपछि खेतीयोग्य जमिन डुबानमा परेको बताए। उनका अनुसार वर्षायाम सुरु भएदेखि खेतमा पानी जमिरहेकाले धान रोप्न र गहुँ खेती गर्नसमेत समस्या भएको छ।

डुबान प्रभावित किसानहरूले वर्षौंदेखि सम्बन्धित निकायमा धाउँदा पनि समस्या समाधान हुन नसकेको गुनासो गरेका छन्। उनीहरूले वर्षायाममा हुने डुबानको दीर्घकालीन समाधान गर्न सरकारसँग माग गरेका छन् ।

सांसद कानुले डुबानको अवस्थाबारे सम्बन्धित मन्त्रालय, स्थानीय प्रशासन तथा जनप्रतिनिधिसँग समन्वय गरी निकासको स्थायी समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

वीरगञ्ज-२४ बहुअरीका किसान राधेश्याम द्विवेदीले वर्षाको पानी निकास नपाउँदा २१ कट्ठा जमिनमा लगाइएको गर्मी धान जोगाउन ठूलो खर्च गर्नुपरेको बताए ।

स्थानीयका अनुसार पछिल्लो समय परवानीपुर-एकीकृत जाँचचौकी ६ लेन सडक, हुलाकी राजमार्ग, अलौँ-अठराहा सडक, एकीकृत जाँचचौकी, सुक्खा बन्दरगाह तथा अव्यवस्थित प्लटिङका कारण प्राकृतिक पानीको बहाव अवरुद्ध भएपछि डुबानको समस्या झन् बढेको हो ।

विगतमा नारायणी सिँचाइ आयोजनाको क्यानल र अलौँ क्षेत्रबाट पानीको सहज निकास हुने गरे पनि विभिन्न पूर्वाधार निर्माणपछि बहाव अवरुद्ध हुँदा खेत र बस्ती दुवै प्रभावित बनेका छन् ।

वीरगञ्ज-२४ का अनिल तिवारीका अनुसार खेतीयोग्य जमिन मात्र होइन, पाँचै वडाका सयौँ घर तथा गोठमा समेत पानी जम्ने समस्या छ। उनका अनुसार केही स्थानमा तीनदेखि चार फिटसम्म पानी जमेकाले स्थानीयलाई आवतजावत गर्नसमेत कठिनाइ भइरहेको छ। महानगर-२६ मा २०, वडा नं. २४ मा ३५ तथा वडा नं. २५ मा एक दर्जनभन्दा बढी घर डुबानमा परेको स्थानीयले बताएका छन् ।

वीरगञ्ज-२४ का वडाध्यक्ष विजय पटेलले सडक, सुक्खा बन्दरगाहलगायत पूर्वाधार निर्माणका क्रममा प्राकृतिक पानी निकासको व्यवस्था नगर्दा डुबानको समस्या उत्पन्न भएको बताए ।

वीरगञ्ज महानगरपालिकाले गत कात्तिकमा अलौँदेखि शिवजी मिलसम्म तीन फिट गहिरो अस्थायी नाली खनेर पानी निकासको प्रयास गरेको थियो। तर, स्थानीयवासीले उक्त नाली पुर्दिएपछि समस्या पुनः यथावत् रहेको जनाइएको छ ।

पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले समेत तीन तहका सरकारबीच समन्वय गरी डुबान समस्या समाधानको प्रयास गरे पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताइएको छ ।

# बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ८२औँ साहित्यिक शृङ्खला सम्पन्न

● टक नेपाल

बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ८२औँ नियमित साहित्यिक शृङ्खला सोमबार बर्दिबास-२ स्थित नमुना जनता माध्यमिक विद्यालयको सभाहलमा सम्पन्न भएको छ ।




प्रतिष्ठानकी अध्यक्ष यशोदा श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव पवन वाग्लेले गरेका थिए ।

कार्यक्रममा प्रलेस महोत्तरीका उपाध्यक्ष सानीमाया पुलामी, सिस्नुपानी नेपाल महोत्तरीका अध्यक्ष नारदप्रसाद काफ्ले, प्रलेस नेपालका केन्द्रीय सदस्य विमला विश्वकर्मा, प्रलेस नेपाल मधेश प्रदेश समितिका सचिव भीमकुमार राउत, गौरीशंकर मिथिला वाङ्मय प्रतिष्ठानका अध्यक्ष प्रेम घिमिरे, साहित्यकार जीवनस्पर्शी तथा बुद्यौली साहित्य समाज महोत्तरीका सचिव सुदर्शन भट्टलाईले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

साहित्यिक कार्यक्रममा कविता, गीत, गजल तथा मुक्तक वाचन गरिएको थियो। कार्यक्रममा प्रशंसा वाग्ले, प्रविण पौडेल, प्रयोग ढुङ्गाना, मन्जे सदा, जय जोशी, जीवनस्पर्शी, प्रेम घिमिरे, नारदप्रसाद काफ्ले, सुदर्शन भट्टलाई, प्रताप महरा, शशिया भट्टराई, यशोदा श्रेष्ठ र पवन वाग्ले लगायतका स्रष्टाले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए ।

कार्यक्रमको समापन गर्दै अध्यक्ष यशोदा श्रेष्ठले कार्यक्रममा सहभागी सम्पूर्ण साहित्यकार, स्रष्टा तथा अतिथिप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता साहित्यिक गतिविधिलाई निरन्तरता दिइने विश्वास व्यक्त गरिन् ।

# धनुषामा ट्राफिक कारबाहीबाट एक वर्षमा रु १.१४ करोड राजस्व सङ्कलन

जिल्ला ट्राफिक प्रहरी कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि कारबाही गरी रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व सङ्कलन गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालका अनुसार गत आर्थिक वर्षमा ट्राफिक नियम उल्लङ्घन गर्ने १२ हजार ६०३ सवारीसाधनमाथि कारबाही गरिएको थियो ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा भने २८ हजार ५३८ सवारीसाधनमाथि कारबाही गर्दा रु दुई करोड २१ लाख १० हजार ५०० राजस्व सङ्कलन भएको थियो। यस आधारमा गत वर्ष कारबाहीमा परेका सवारीसाधनको संख्या र राजस्व दुवैमा कमी आएको देखिएको छ ।

त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा धनुषा जिल्लामा एक हजार ३५८ सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ८२ जनाको मृत्यु भएको छ भने दुई हजार १९८ जना घाइते भएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा धनुषामा एक हजार २२१ सवारी दुर्घटनामा ८४ जनाले ज्यान गुमाएका थिए। यसले दुर्घटनाको संख्या बढे पनि मृत्यु हुनेको संख्या केही घटेको देखाउँछ ।

प्रहरी निरीक्षक दाहालका अनुसार सडकको जीर्ण अवस्था, तीव्र गति तथा मानवीय लापरवाहीका कारण दुर्घटना बढ्दै गए पनि ट्राफिक सचेतना अभियान र नियमित सवारी चेकजाँचका कारण दुर्घटनाबाट हुने मानवीय क्षति घटाउन केही सफलता मिलेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले आगामी दिनमा ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, जनचेतना अभिवृद्धि र नियमित निगरानीलाई थप सशक्त बनाउने जनाएको छ ।






# आधुनिक प्रहरी, प्रविधिमैत्री जिम्मेवारी

● पूर्ण साउद । अन्नपूर्ण



समाजको तीव्र विकास र बदलिँदो आयामका कारण सुरक्षा व्यवस्थापन दिनप्रतिदिन चुनौतीपूर्ण बन्दै गएको छापरम्परागत शैलीको भिड नियन्त्रण, अपराध अनुसन्धान, ट्राफिक व्यवस्थापन र सामुदायिक प्रहरीको काममा मात्र अब नेपाल प्रहरी सीमित रहन सक्दैन । प्रविधि मैत्री, अनुसन्धानमुखी, मानव अधिकारमैत्री, पीडित केन्द्रित, एवं राजनीतिक प्रभावबाट मुक्त नेपाल प्रहरीको संगठन बनाउनै पर्छात्यसका लागि सरकारले प्रहरी ऐनमा संशोधन र परिमार्जनको खाँचो छ ।

नयाँ प्रहरी ऐन परम्परागत कि आधुनिक ? : हुन त सरकारले प्रहरी ऐनमा संशोधनको तयारी गरिरहेको छाऐन संशोधन गर्दा संविधानको मूल मर्म र उद्देश्यलाई आत्मसात् गर्नुपर्छाअब बन्ने ऐनले संविधानको भावना, समाजको परिवर्तनको चाहना, नागरिक चेतनाको स्तर, प्रविधिको तीव्र विकास तथा अन्य सुरक्षा निकायको कार्यक्षेत्रमा देखिएको दोहोरोपना र रिक्ततालाई सम्बोधन गर्ने हुनुपर्छाप्रहरी जनशक्ति भर्नादेखि अवकाशपछिको जीवन र देश सेवासम्मका समग्र सन्दर्भलाई यसले समेट्नुपर्छानागरिक सुरक्षा, विधिको शासन, मानव अधिकारको संरक्षण, अपराध अनुसन्धान, डिजिटल सुरक्षा तथा सार्वजनिक विश्वास कायम गर्ने संस्थाका रूपमा प्रहरीलाई विकास गर्नु आजको आवश्यकता हो ।

अपराधको बदलिँदो स्वरूप : अपराधको स्वरूप परम्परागत शैलीको चोरी, डकैती, हत्या र ठगीमा मात्र सीमित छैनाविकसित हुँदै साइबर अपराध, वित्तीय अपराध, अभौतिक मुद्राको कारोबार, संगठित अपराध, मानव बेचबिखन, आतंकवादी वित्तपोषण, कृत्रिम बुद्धिमत्तामा आधारित अपराध, डार्क वेब अपराध, जैविक सुरक्षा जोखिम र अन्तर्राष्ट्रिय अपराध सञ्जालसम्म विस्तार भएको छ ।

त्यसैले, नयाँ प्रहरी ऐन केवल वर्तमान समस्या समाधान गर्ने दस्तावेजमात्र नभई आगामी ३०-४० वर्षको सुरक्षा दृष्टिपत्र बन्नुपर्छानेपाल प्रहरीले सधैं विधिको शासन र सरकारको नीति-निर्देशनमा रही शान्ति-सुरक्षा कायम गर्दै आएको छावर्तमान समयमा सुरक्षाका बहुआयामिक क्षेत्रको विकास र प्राविधिक जटिलताका कारण परम्परागत सुरक्षा प्रणालीलाई रूपान्तरण गर्नैपर्ने देखिन्छ । राज्यले जुनसुकै संकटको पहिलो सामना नेपाल प्रहरीले नै गर्नुपर्छ । प्रहरीको सक्षमता र व्यावसायिकताकै आधारमा सरकारको लोकप्रियता र शासन शैलीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि मापन हुन्छ ।

नयाँ ऐनको मूल उद्देश्य 'लोकतान्त्रिक मूल्यमा आधारित, व्यावसायिक, अनुसन्धानमुखी, प्रविधिमैत्री, मानव अधिकारप्रति उत्तरदायी र राजनीतिक प्रभावबाट मुक्त प्रहरी संगठन निर्माण' गर्नु होायसका आधारभूत सिद्धान्तहरू कानुनी शासन, मानव अधिकारको प्रवर्द्धन, सूचनामा आधारित सामुदायिक प्रहरी सेवा, प्रमाणमा आधारित प्रहरी कारबाही, प्रविधि-निर्देशित अनुसन्धान पद्धति र पीडितमैत्री न्याय हुनुपर्छ ।

आर्थिक तथा प्राविधिक चुनौती : समयको परिवर्तनसँगै साइबर अपराध, वित्तीय, आर्थिक र संगठित अपराध तीव्र रूपमा बढिरहेका छन्ाविश्वव्यापी रूपमा साइबर अपराधका कारण वार्षिक खर्बौं डलरको क्षति भइरहेको छा तर, नेपालमा भने अझै पनि परम्परागत सोच र शैली नै हाबी छानेपालमा अनलाइन ठगी, डिजिटल वालेट ठगी, एआई र डिपफेकको दुरुपयोग, अवैध अभौतिक मुद्राको कारोबार, डिजिटल पहिचान चोरी, बालदुराचार तथा यौनजन्य दुर्व्यवहारजस्ता अपराध बढ्दो क्रममा छन्ायी समस्या समाधान गर्न प्रहरीमा दक्ष जनशक्ति र बलियो संगठनात्मक संरचना आवश्यक देखिन्छ ।

त्यस्तै, वित्तीय तथा आर्थिक अपराधतर्फ सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय सहयोग, कर छली र व्यापार केन्द्रित अवैध धनको ओसारपसार बढेको कुरा अन्तर्राष्ट्रिय वित्तीय कारबाही कार्यदलको प्रतिवेदनले समेत औंल्याएको छानेपाललाई 'एफएटीएफ'ले 'ग्रे लिस्ट' (खैरो सूची) मै राखेकाले यसले हाम्रो अन्तर्राष्ट्रिय व्यापार, अन्तरदेशीय मौद्रिक कारोबार र वैदेशिक लगानीलाई समेत प्रभावित पारिरहेको छ । संगठित अपराधअन्तर्गत मानव बेचबिखन, लागुऔषध तस्करी, अन्तरदेशीय अपराध र हतियार ओसारपसारजस्ता क्षेत्रमा विशेष अनुसन्धान गर्न दक्ष र विशिष्टीकृत जनशक्ति आवश्यक हुन्छ ।

कार्यगत विशिष्टीकरण, अनुसन्धान र कानुन कार्यान्वयन : मुलुकमा हाल अपराध अनुसन्धान र कानुन कार्यान्वयन (शान्ति सुरक्षा) एउटै संरचनाबाट भइरहेको छाविकसित मुलुकहरूमा यी दुई कार्यका लागि फरक-फरक संगठन वा विशिष्टीकृत संरचना हुन्छन्ाअनुसन्धान अधिक बौद्धिक र प्राविधिक विषय हो भने कानुन कार्यान्वयन भौतिक र फौजी कार्य होात्यसैले नयाँ ऐनमा यसको स्पष्ट सम्बोधन हुनुपर्छ ।

अपराध अनुसन्धानका लागि अनुसन्धानकर्ता, समाजविज्ञ, मनोपरामर्शदाता, हतियारविज्ञ र प्राविधिक वैज्ञानिकहरूको आवश्यकता पर्छाराष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरण, जैविक प्रमाणको संकलन र अनिवार्य वैज्ञानिक परीक्षण जस्ता विषयहरू ऐनमै समेटिनुपर्छाकानुन कार्यान्वयनका लागिः शारीरिक रूपमा सबल, फौजी रणकौशलमा दक्ष र भिड नियन्त्रणमा पोख्त जनशक्ति चाहिन्छ ।

पीडित केन्द्रित न्याय प्रणाली : विश्व परिवेशमा विकसित देशहरूले परम्परागत प्रणालीलाई आधुनिक 'पीडित केन्द्रित न्याय प्रणाली' द्वारा प्रतिस्थापन गरिसकेका छन् । यस अन्तर्गत पीडितले सूचना पाउने अधिकार, सुरक्षा, गोपनीयताको संरक्षण, क्षतिपूर्ति र मनोसामाजिक सहयोग पाउने कानुनी अधिकार रहन्छ । यो प्रणाली लागू गर्न प्रहरीको क्षमता अभिवृद्धि र आवश्यक वित्तीय व्यवस्थापन ऐनमै सुनिश्चित गरिनुपर्छ ।

प्रहरीबिनाको राज्यको परिकल्पना गर्न सकिँदैनाप्रहरीको संगठन संरचना, कार्य र उत्तरदायित्व ऐनले नै निर्धारण गर्छाविकसित देशहरूले प्रहरीको व्यावसायिक तटस्थता कायम राख्न स्पष्ट व्यवस्था गरेका हुन्छन्, जुन नेपालको सन्दर्भमा चुनौतीपूर्ण छानेपालमा राजनीतिक नेतृत्व सत्तामा हुँदा र सत्ताबाहिर हुँदा परिवर्तन हुने मनोदशाका कारण प्रहरी संगठन अस्थिर बन्ने गरेको छात्यसैले नयाँ ऐनमा प्रहरीको नियुक्तिदेखि अवकाशसम्मका सम्पूर्ण प्रावधानहरू राजनीतिक स्वार्थभन्दा माथि उठेर विधायिकी मनशायपूर्वक लेखिनुपर्छ ।

राजनीतिक हस्तक्षेपको पूर्ण निषेधबिना प्रहरीको संस्थागत स्वायत्तता र व्यावसायिकता सम्भव छैनायद्यपि, लोकतन्त्रमा प्रहरीलाई पूर्ण स्वच्छन्दता (अब्स्यालुट अटोनोमी) पनि दिनु हुँदैनात्यसैले सबैभन्दा उपयुक्त मोडेल भनेको 'परिचालनको स्वायत्तता' (अप्रेसनल अटोनोमी) होायस मोडेलमा सरकारले नीति र निर्देशन तय गर्छ भने प्रहरीले अनुसन्धान, पक्राउ र अभियोजनजस्ता कार्यहरू पूर्ण रूपमा स्वतन्त्र र निष्पक्ष ढंगले सम्पादन गर्छानेपालमा व्याप्त 'पहिला थुन्ने र पछि सुन्ने' प्रवृत्तिको अन्त्य गरी न्यायिक विकास भएका मुलुक सरह बनाउन अहिल्यै विचार पुर्‍याउनु आवश्यक छ ।

अन्तर-निकाय समन्वय र एकीकृत सुरक्षा प्रणाली : नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र निजामती प्रशासनजस्ता सरोकारवाला निकायहरूबीच समन्वयको स्पष्ट खाका आवश्यक छ ।

नेपाली सेना : मूलतः समग्र राष्ट्रिय सुरक्षा र बाह्य संकटसँग सम्बन्धित हुन्छाआन्तरिक सुरक्षामा सेनाको सहयोग कुन अवस्थामा लिने र बाह्य सुरक्षा संकटमा सेनाको मातहतमा अन्य निकाय कसरी परिचालित हुने भन्ने स्पष्ट कानुनी व्यवस्था हुनुपर्छाआन्तरिक सुरक्षा समन्वय, संयुक्त सुरक्षा कमान्ड, प्रति-आतंकवाद परिचालन र कर्फ्यु कार्यान्वयनमा पनि स्पष्ट हुनुपर्छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल : यी दुई निकायबीचको भूमिकामा स्पष्ट रेखा हुनुपर्छ । सीमा सुरक्षा, दंगा नियन्त्रण, विपद् व्यवस्थापन र संयुक्त परिचालनका विषय ऐनमै तोकिनुपर्छ ।

राष्ट्रिय अनुसन्धान विभाग : यस विभागबाट प्राप्त हुने सामान्य तथा रणनीतिक सूचनाहरूको आदानप्रदान र समन्वयको पाटोलाई व्यावहारिक बनाइनुपर्छ । विगतका कमजोरीहरूको निर्मम समीक्षा गर्ने उपयुक्त समय यही हो ।

भविष्यको सुरक्षा प्रणाली सूचनामा आधारित हुने भएकाले देशमा 'एकीकृत राष्ट्रिय सुरक्षा सूचना प्रणाली' स्थापना गर्नुपर्ने जरुरी छ । यसअन्तर्गत राष्ट्रिय अपराध अभिलेखालय, बायोमेट्रिक अभिलेखालय, बेपत्ता व्यक्ति अभिलेखालय र आपराधिक सूचना सञ्जालमा सबै सुरक्षा निकायको आवश्यकताअनुसार पहुँच पुर्‍याउने व्यवस्था ऐनमै हुनुपर्छ ।

संघीय संरचना, स्रोत व्यवस्थापन र विपद् सुरक्षा : संविधानको संघीय ढाँचाअनुसार संघीय प्रहरीले राष्ट्रिय तथा अन्तरदेशीय अपराध र प्रदेश प्रहरीले प्रादेशिक अपराध, स्थानीय समन्वय, सामुदायिक सुरक्षा र मानव अधिकारको पाटो हेर्ने गरी स्पष्ट खाका हुनुपर्छाप्रहरीको उत्तरदायित्व र गुनासो सुन्ने स्वतन्त्र संयन्त्र वा आयोगको व्यवस्था अहिल्यै गरिनुपर्छाबडी क्यामेरा, हिरासत व्यवस्थापनको अनुगमन र बलप्रयोगसम्बन्धी नियमहरू कानुनमै स्पष्ट हुनुपर्छ ।

आधुनिक प्रहरीको सफलता जनशक्तिभन्दा बढी प्रविधिमा निर्भर हुन्छ । त्यसैले प्रविधिमैत्री कार्यालय, कृत्रिम बुद्धिमत्ताको प्रयोग, डिजिटल प्रमाण संकलन, र ज्ञान, सीप एवं नैतिकतामा आधारित जनशक्ति भर्नामा लगानी बढाउनुपर्छातालिम संगठनको मेरुदण्ड होासाइबर, वित्तीय अपराध, अपराध मनोविज्ञान र विधि विज्ञानजस्ता विशिष्टीकृत विधामा संगठनभित्रै विशेषज्ञ सेवा कसरी लिने र दुरुपयोग कसरी रोक्ने भन्ने स्पष्ट मार्गचित्र हुनुपर्छायसका साथै, जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेको भूकम्प, बाढीपहिरो, खडेरी र अतिवृष्टिजस्ता प्राकृतिक विपद्मा प्रहरी नै नागरिकको पहिलो सहयोगी भएकाले विपद् व्यवस्थापनमा प्रहरीलाई सक्षम बनाउन ऐनमै विशेष वित्तीय र व्यवस्थापकीय अधिकार दिइनुपर्छ ।

निष्कर्ष : नेपाल प्रहरीको नयाँ ऐन केवल संगठन सञ्चालन गर्ने परम्परा गत कानुनका रूपमा मात्र आयो भने केही वर्षमै अप्रासंगिक हुनेछ । प्रहरीको कार्यसम्पादन दिनप्रतिदिन जटिल बन्दै गएको छ । यसलाई सम्बोधन गर्न प्रविधिमैत्री, अनुसन्धानमुखी, वैज्ञानिक, मानव अधिकारमैत्री, पीडित केन्द्रित, संघीय संरचना अनुकूल र राजनीतिक प्रभावबाट मुक्त ऐन निर्माण गरिनुपर्छ । यस्तो कानुनले मात्र आगामी तीन-चार दशकसम्म मुलुकको आन्तरिक सुरक्षा प्रणालीलाई सही दिशा दिन सक्छ । सशस्त्र प्रहरीका पूर्वएसपी साउद कानुन व्यवसायीसमेत हुन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# धनुषाधाम वनस्पति उद्यान बन्दैछ मधेशको उदाउँदो पर्यटकीय गन्तव्य



• टक नेपाल

धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित धनुषाको धनुषाधाम क्षेत्र पछिल्लो समय हरियाली, दुर्लभ वनस्पति, शान्त वातावरण र प्रकृतिको अनुपम सौन्दर्यले नयाँ पहिचान निर्माण गर्दै गएको छ।

केही वर्षअघिसम्म पर्यटकहरुको खासै ध्यान पुग्न नसकेको धनुषाधामस्थित धनुषाधाम वनस्पति उद्यानको प्रवेशद्वारभित्र पस्ने बित्तिकै यतिबेला वातावरण फेरिएको अनुभूति हुन्छ। सहरको कोलाहलबाट टाढा, चराचुरुङ्गीको मधुर स्वर, रुखका पातहरूबीच सलबलाउने हावा, फूलहरूको सुगन्ध र हरियालीको शीतल स्पर्शले आगन्तुकलाई प्रकृतिको काखमा पुगेको अनुभूति गराउँछ। केही क्षणमै लाग्छ यो केवल एउटा उद्यान मात्र होइन, प्रकृतिले आफ्नै हातले सजाएको जीवित संग्रहालय हो।

हरियाली वन, दुर्लभ वनस्पति, रङ्गीन फूलबारी, शान्त वातावरण, जडीबुटीका विरुवा, कृत्रिम जलाशय, अध्ययन तथा अनुसन्धानका लागि निर्माण गरिएका विषयगत वाटिकाहरू र प्रकृतिसँग रमाउने वातावरणले सो वनस्पति उद्यान अहिले धार्मिक पर्यटकसँगै विद्यार्थी, अनुसन्धानकर्ता, प्रकृतिप्रेमी तथा आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ।

धनुषाधाम सदियौंदेखि धार्मिक आस्थाको केन्द्र रहँदै आएको छ। त्रेतायुगमा भगवान् शिवको धनुषको एउटा अंश यहीँ खसेको धार्मिक विश्वासका कारण प्रत्येक वर्ष हजारौं श्रद्धालु यहाँ दर्शन गर्न आउँछन्। विवाहपञ्चमी, रामनवमी, मकर सङ्क्रान्तिलगायतका पर्वमा त धनुषाधाम श्रद्धालुले भरिभराउ हुन्छ। पछिल्ला वर्षहरूमा तीर्थयात्रीहरू केही समय वनस्पति उद्यानमा बिताउँछन्, प्रकृतिसँग साक्षात्कार गर्छन् र हरियालीको बीचमा नयाँ ऊर्जा लिएर फर्किन्छन्।

जनकपुरधामबाट करिब १८ किलोमिटर पूर्वमा रहेको धनुषाधाम पुग्ने जो कोहीले धार्मिक स्थलको दर्शनसँगै धार्मिक स्थलबाट करिब १०० मिटरको दूरीमा रहेको वनस्पति उद्यानमा केही समय बिताउँदा प्रकृतिको अनुपम आनन्द लिने गरेको स्थानीय रामसेवक दास बताउनुहुन्छ। ''पहिला पहिला धनुषाधाम दर्शन गर्न आउने श्रद्धालुहरु मन्दिरमा दर्शन गरेर फर्किन्थ्यो", दास भन्नुहुन्छ,''तर पछिल्लो समय श्रद्धालुहरु मन्दिरको दर्शनपश्चात वनस्पति उद्यान समेत पुग्ने गर्दछन्।"

वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालित सो वनस्पति उद्यान संरक्षण, अनुसन्धान र वातावरणीय शिक्षाको उद्देश्यले स्थापना गरिएको भए पनि मधेश प्रदेशकै सम्भावनायुक्त पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ। केही वर्षअघिसम्म थोरै मात्र पर्यटकहरु आउने गरेकोमा पछिल्लो केही वर्षदेखि आन्तरिक र बाह्य पर्यटकहरु आउने क्रम बढेको वनस्पति उद्यानका कर्मचारी सुरेश भण्डारी बताउनुहुन्छ।

''पहिला मुस्किलले दैनिक १० देखि २० जना सम्म मात्र पर्यटकहरु आउने गरेकोमा अहिले दैनिक ३०० देखि ४०० को हाराहारीमा पर्यटक वनस्पति उद्यान घुम्न आउने गरेका छन्", भण्डारी भन्नुहुन्छ, ''धेरै जसो आन्तरिक र भारतीय पर्यटकहरु आउने गर्छन्।" साथै, विभिन्न विद्यालय र विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत अध्ययन अवलोकनका लागि आउने गरेको भण्डारीको कथन छ। उद्यान अवलोकनका लागि आउने पर्यटकसँग अहिले कुनै शुल्क नलिने गरेकामा अबदेखि शुल्क लिन मन्त्रालय र विभागबाट पत्र प्राप्त भएकाले शुल्क निर्धारण हुने भण्डारी बताउनुहुन्छ।

प्रकृतिसँग रमाउन चाहनेका लागि उद्यान अहिले उत्कृष्ट गन्तव्य बनेको छ। बिहान स्वास्थ्यका लागि हिँड्ने समूह, अध्ययन भ्रमणमा आएका विद्यार्थी, परिवारसँग घुम्न आएका अभिभावक, मोबाइल क्यामेरामा सुन्दर दृश्य कैद गर्ने युवा र अनुसन्धानमा जुटेका वनस्पतिविद् सबैलाई यहाँ भेटिन्छ। ''वनस्पति उद्यानभित्र दुर्लभ तथा लोपोन्मुख वनस्पतिका सयौं प्रजाति संरक्षण गरेका छौं", वनस्पति उद्यानका प्रमुख ताहिर हुसेन भन्नुहुन्छ,''औषधीय जडीबुटी, बहुवर्षीय वृक्ष, जलीय वनस्पति, फर्न, सजावटी फूल तथा विभिन्न स्थानीय प्रजातिले उद्यानलाई जैविक विविधताको जीवित पाठशाला बनाएका छौं।" उद्यानमा आउने जो कोहीको मन प्रफूल्लित र नयाँ उर्जा प्राप्त भएको महसुस गर्ने गर्दछ, प्रमुख हुसेन बताउनुहुन्छ।

वि. सं. २०५६ मा स्थापना भएको उक्त उद्यानको विशेष आकर्षण भनेको विषयगत वाटिकाहरू हुन्। औषधीय जडीबुटी वाटिकामा राखिएका बिरुवाहरू केवल हेर्नका लागि मात्र होइनन्स तिनले परम्परागत उपचार पद्धति, आयुर्वेद र स्थानीय ज्ञानको इतिहास पनि बोकेका छन्। प्रत्येक बिरुवासँग राखिएको वैज्ञानिक परिचयले विद्यार्थी र अनुसन्धानकर्तालाई प्रत्यक्ष सिकाइको अवसर दिदै आएको छ।

करिब १२० हेक्टर क्षेत्रफलमा फैलिएको वनस्पति उद्यानभित्र विभिन्न विषयगत वाटिकाहरु स्थापना गरिएको प्रमुख हुसेन बताउनुहुन्छ। उहाँका अनुसार उद्यानभित्र धार्मिक बाटिक, नक्षत्र बाटिका, जडीबुटी शैक्षिक बाटिका, जल उद्यान, धनुष बाटिका, जलीय वनस्पति उद्यान, फुल उद्यान, 'ट्याक्सोनोमिकल फेमिली बाटिका'लगायतका संरचना निर्माण गरिएको छ।

व्यवस्थापन गरिएको प्रत्येक बाटिका र उद्यानभित्र सम्बन्धित विषयका वनस्पति तथा जडीबुटीका विरुवा लगाइएको छ। ''धार्मिक बाटिकामा धर्म र संस्कृतिसँग जोडिएको वृक्ष र नक्षत्र बाटिकामा २७ वटा नक्षत्रको विरुवा, १२ वटा राशी र नौ वटा ग्रहका विरुवाहरु संरक्षित गरेका छौँ", प्रमुख हुसेन भन्नुहुन्छ, ''जलीय वनस्पति बाटिकामा विभिन्न जलीय वनस्पतिहरुको संरक्षण गरेका छौँ।" साथै, जडीबुटी शैक्षिक बाटिकामा विद्यार्थी तथा अध्ययनकर्ताहरुको अध्ययन गर्ने प्रजातिका विरुवाहरु संरक्षित गर्दै वनस्पतिभित्र वैज्ञानिक अध्ययन तथा शैक्षिक प्रयोजनका लागि दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरुको संरक्षण तथा प्रदर्शनी प्लटहरुको व्यवस्थापन गरिएको प्रमुख हुसेनको भनाइ छ।

उद्यानमा हाल २७६ वनस्पति प्रजातीहरुको संरक्षण गरिएको छ। जसमा ७४ रुख, ४८ बुट्यान, १३४ झारपात र २० लहरे प्रजातीको वनस्पति संरक्षण गरिएको छ। वनस्पति उद्यानमा अध्ययन र अवलोकनका लागि आउने विद्यार्थी तथा अध्येताहरुलाई आवश्यक जानकारीका लागि सूचना केन्द्र व्यवस्थापनसँगै सुगन्धित जडीबुटी र वनस्पतिको तेल प्रतिशत निर्धारण गर्न केमष्ट्री ल्याब समेत स्थापना गरिएको प्रमुख हुसेनको भनाइ छ।

सामाजिक सञ्जालको विस्तारसँगै धनुषाधाम वनस्पति उद्यानको परिचय देशभर फैलिन थालेको छ। यहाँ खिचिएका तस्बिर र भिडियोले धेरैलाई आकर्षित गरिरहेका छन्। परिणामस्वरूप, धार्मिक पर्यटकसँगै प्रकृतिप्रेमीहरूको आगमन पनि वनस्पति उद्यानमा बढ्दो क्रममा छ। उद्यानले पर्यटन मात्र होइन, वातावरणीय चेतना पनि फैलाइरहेको छ। जलवायु परिवर्तन, वन विनाश र जैविक विविधता संरक्षणका विषयमा यहाँ आउने विद्यार्थीले प्रत्यक्ष अवलोकनमार्फत सिक्ने अवसर पाइरहेका छन्।

दुर्लभ वनस्पति संरक्षण किन आवश्यक छ भन्ने कुरा यहाँका प्रत्येक रूख, प्रत्येक बिरुवा र प्रत्येक हरियो पातले आफ्नै भाषामा बुझाइरहेका हुन्छन्। ''पछिल्लो समय पर्यटकीय स्थलको रुपमा विकास हुँदै गएको वनस्पति उद्यानले यहाँको पर्यटन प्रबर्द्धनसँगै रोजगारीको वातावरण सृजना हुँदै गएको छ", धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराई भन्नुभुन्छ,'' यसमा स्थानीय सरकारको पनि सहयोग रहन्छ, हामी पनि सहयोग र समन्वय गर्न तयार छौँ।" उद्यानको संरक्षण, सम्बर्द्धनसँगै बहुउपयोगिता प्रवर्धनका लागि स्थानीय सरकारको हिसाबले नगरपालिकाको पनि सहयोग रहने उहाँको भनाइ छ।

धनुषाधाम आउने पर्यटकको संख्या बढेसँगै स्थानीय अर्थतन्त्रमा पनि नयाँ सम्भावना देखिन थालेको छ। यहाँका होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय हस्तकला, कृषि उत्पादन तथा साना व्यवसायले पनि नयाँ ग्राहकसमेत पाइरहेका छन्। ''यसले पर्यटन केवल घुमघामको विषय मात्र नभई स्थानीय समृद्धिको आधार पनि बन्नसक्छ भन्ने सङ्केत दिएको छ" स्थानीय युवा सन्तोष मण्डल भन्नुहुन्छ,'' वनस्पति उद्यानप्रति बढ्दो आकर्षणले युवाहरु पर्यटनसँग सम्बन्धित सेवा र व्यवसायमा अवसर खोज्न थालेका छन्।"

आधुनिक सूचना केन्द्र, डिजिटल गाइड प्रणाली, बाल उद्यान, साइकल ट्र्याक, प्रकृति पदमार्ग, व्याख्या केन्द्र, अनुसन्धान प्रयोगशाला तथा पर्यटकमैत्री सेवा विस्तार गर्नसके यसको आकर्षण अझ गुणात्मक रूपमा बढ्ने उहाँको भनाइ छ। ''पहिला थोरै सङ्ख्यामा यहाँ आन्तरिक र बाह्य पर्यटकहरु आउनेगर्दथ्यो", स्थानीय व्यवासयी शङ्कर साह भन्नुहुन्छ, ''तर अहिले पर्र्यटकहरुको आउने क्रम यहाँ बढ्ेको छ, यहाँ विस्तारै होटलहरु खुल्न थालेका छन्।" उहाँका अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रचार-प्रसार गर्न सकिए धनुषाधाम वनस्पति उद्यान मधेश प्रदेशको मात्र होइन, पर्या-पर्यटनको गन्तव्य बन्नसक्छ।

आज विश्वभर प्रकृतिमैत्री पर्यटनको आकर्षण बढिरहेको छ। मानिसहरू केवल घुम्न होइन, सिक्न, अनुभूति गर्न र प्रकृतिसँग केही समय बिताउन नयाँ गन्तव्य खोजिरहेका छन्। धनुषाधाम वनस्पति उद्यानले यही चाहनालाई सम्बोधन गर्ने सबै आधार बोकेको छ। धार्मिक आस्था, प्राकृतिक सौन्दर्य, जैविक विविधता, वातावरणीय शिक्षा र स्थानीय संस्कृतिको अद्भूत सङ्गमका कारण यसको महत्व दिन प्रतिदिन बढ्दै गएको छ।

यो उद्यान वास्तवमै एउटा हरियो उद्यान मात्र होइनस धेरैले प्रकृतिप्रतिको सम्मान, संरक्षणप्रतिको प्रतिबद्धता र दिगो पर्यटनको उज्ज्वल सम्भावनाको प्रतीकको रुपमा लिने गरेका छन्।

यहाँ पुग्ने जो-कोहीले केवल हरियाली देखेर फर्कँदैनस उहाँहरूले प्रकृतिप्रति नयाँ दृष्टिकोण, वातावरणप्रतिको जिम्मेवारी र पुनः तफर्कर आउने चाहना पनि साथमा लिएर फर्किने गर्दछन्। यही अनुभूतिले यस उद्यानलाई मधेश प्रदेशको उदाउँदो पर्यटकीय गन्तव्य रुपमा हेरिन थालिएको छ। रासस

# मधेशमा ई-रिक्सा चालकलाई मौखिक परीक्षामार्फत लाइसेन्स दिने तयारी




• टक नेपाल

मधेश प्रदेश सरकारले निरक्षर तथा कम शिक्षित ई-रिक्सा चालकलाई लक्षित गर्दै चालक अनुमतिपत्र (लाइसेन्स) वितरण प्रक्रियालाई सहज बनाउने नयाँ व्यवस्था लागू गर्ने तयारी गरेको छ।

कायापलट, विकल्प अल्टरनेटिभ र ई-रिक्सा चालक मजदुर संगठनको संयुक्त आयोजनामा सोमबार जनकपुरधाममा आयोजित 'ई-रिक्सा लाइसेन्स प्रभावकारी बनाउन सरोकारवालाबीच छलफल' कार्यक्रममा श्रम तथा यातायात मन्त्रालयले उक्त जानकारी दिएको हो।

मन्त्रालयका सचिव धनञ्जय सिंहका अनुसार साउन महिनादेखि लागू हुने गरी ई-रिक्सा चालकको वास्तविक अवस्थालाई मध्यनजर गर्दै लिखित परीक्षा हटाइनेछ। त्यसको सट्टा मौखिक तथा श्रव्यदृश्य सामग्रीमार्फत ज्ञान परीक्षण गरिने र त्यसपछि सफल उम्मेदवारलाई प्रयोगात्मक (ट्रायल) परीक्षामा सहभागी गराइनेछ। मन्त्रालयले दैनिक करिब १३ जना चालकलाई लाइसेन्स प्रदान गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो।

सचिव सिंहले निरक्षरताका कारण लामो समयदेखि हजारौं ई-रिक्सा चालक चालक अनुमतिपत्रबाट वञ्चित हुँदै आएको उल्लेख गर्दै नयाँ व्यवस्थाले उनीहरूलाई कानुनी रूपमा सवारी सञ्चालन गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

धनुषा ट्राफिक प्रहरी प्रमुख खगेन्द्र कुमार दाहालले लाइसेन्स वितरणसँगै ट्राफिक नियमको पालना र सुरक्षित सवारी सञ्चालनलाई समान प्राथमिकता दिनुपर्ने बताउनुभयो। चालकलाई नियमित अभिमुखीकरण तथा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिँदै आएको उल्लेख गर्दै उहाँले सम्बन्धित क्षेत्रमै पुगेर जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो।

ई-रिक्सा मजदुर संगठनका अध्यक्ष वीरेन्द्र महतोले निरक्षरताका कारण हजारौं चालक लाइसेन्सबाट वञ्चित भएको उल्लेख गर्दै सरकारको नयाँ व्यवस्थाको स्वागत गर्नुभयो। उहाँले लाइसेन्स प्रक्रिया अझ सरल, छिटो र सबैका लागि पहुँचयोग्य बनाउन आग्रह गर्नुभयो।

मानवअधिकारकर्मी जमुना भुजेलले ई-रिक्साको वैज्ञानिक भाडादर निर्धारण, भारतीय चालकको व्यवस्थापन तथा चारभन्दा बढी यात्रु बोकेको अवस्थामा बीमासम्बन्धी स्पष्ट नीति आवश्यक रहेको बताउनुभयो। उहाँले लाइसेन्ससँगै ई-रिक्सा व्यवस्थापनलाई पनि प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

ई-रिक्सा चालक अजितकुमार मण्डलले निश्चित स्ट्यान्ड, वैज्ञानिक भाडादर तथा नवीकरण प्रक्रियालाई व्यवस्थित बनाउन सरकारसँग माग गर्नुभयो। यस्तै, ई-रिक्सा मजदुर संगठनका सचिव सन्तोष महराले लाइसेन्स वितरण प्रक्रियालाई थप सहजीकरण गर्न, दैनिक सेवा क्षमता बढाउन तथा चालकमैत्री व्यवस्था लागू गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा विकल्प अल्टरनेटिभले कोशी प्रदेशमा ई-रिक्सा चालकको लाइसेन्स प्रक्रिया सहजीकरण गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गरेको अनुभव साझा गरेको थियो। कायापलटका अध्यक्ष दिवाकर उप्रेतीले पनि ई-रिक्सा चालक अनुमतिपत्र व्यवस्थापनलाई सहज बनाउन संस्थाले निरन्तर सहकार्य गर्दै आएको बताउनुभयो।

कार्यक्रमका वक्ताहरूले मधेश प्रदेश सरकारको नयाँ पहलले हजारौं ई-रिक्सा चालकलाई कानुनी दायरामा ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै लाइसेन्स वितरणसँगै ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, सडक सुरक्षा, यात्रु बीमा, जनचेतना अभिवृद्धि तथा वैज्ञानिक भाडादर निर्धारणलाई पनि समान प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।




साइब अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस्।

- बलियो पासवड ाखां पासवडलाइ नियमित रुपमा पवितन गां।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां।
- अपर्चित व्यक्तिले युजनेम पासवड मागे नदिआं।
  ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद
- भिडियो वा अडियो कल नउठाआं। त्यस्ता कल पटक पटक आए ब्लक गां।
  आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, ाहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां।

बटेश्वर गाउँपालिका,
धनुषा, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014